# एन. आर. कलेज

## तारकेश्वर ११, नेपालटार, काठमाण्डौं फोन नं . ०१४९६६२६२, ०१४९५७०१३

### उपकरण खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०६/११

आ.ब. २०८०/०८१ मा यस कलेजको लागि उपकरण खरिद (FP/UGC/NRC /SQ-01 Equipment) गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त भ्याटमा दर्ता तथा २०७९/८० सम्म कर चुक्ता भएका व्यवसायी उद्योग तथा सप्लायर्सहरुलाई प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र रितपूर्वकको दरभाउपत्र आह्वान गरिएको छ । खरिद कार्यको दरभाउपत्र फाराम रू. १,०००।-(फिर्ता नहुने) तिरी नोटरी प्रमाणीत प्रतिलिपि प्रमाणपत्रहरु सहित निवेदन दिई यस कलेजको लेखा शाखाबाट खरिद गर्न सकिनेछ ।

तपशिल

१. दरभाउपत्र लेखाशाखाबाट सूचना प्रकाशित मिति २०८०/०६/११ गते देखि २०८०/०६/२५ गते सम्म बिहान ०७:०० बजे देखि बिहान १०:०० बजे सम्म मात्र खरिद गर्न सकिनेछ ।

२. पत्रिकामा प्रकाशित मिति २०८०/०६/११ मा पहिलोपटक प्रकाशित सूचना अनुसार दरभाउपत्र फाराम बुझाउने अन्तिम मिति १५ औं दिनको भोलिपल्ट मिति २०८०/०६/२६ गते बिहान १०:०० बजेसम्म मात्र हुनेछ ।

३. दरभाउपत्र मिति २०८०/०६/२६ गते दिनको १२:०० बजे क्याम्पस प्रमुखको कार्यालयमा खरिद समितिको रोहवरमा खोलिनेछ ।

४. दरभाउपत्र बुझाउने तथा खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलीपल्ट सोही समयमा बुझिने तथा खोलिनेछ ।

५. दरभाउपत्रसाथ फर्म दर्ता प्रमाणपत्र तथा भ्याटमा दर्ता भएको नवीकरण सहित व्यबसाय नियमित जनाउने पत्रहरुको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

६. दरभाउपत्रको कागजात पेश गर्दा खाममा स्पष्टसँग कलेजको नाम, ठेगाना, कामको विवरण तथा दरभाउपत्रदाताको नाम, ठेगाना, फोन नं. खुलाई शिलबन्दी गरेको हुनु पर्नेछ ।

७. दरभाउपत्रवालाले दरभाउपत्रमा दररेट भर्दा मूल्यअभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ ।

८. उपकरणको गुणस्तरलाई नियन्त्रण गरिनेछ । उपकरण तोकिएको गुणस्तर अनुशार भएको जाँच गर्नका लागि प्रयोगशाला परीक्षण समेत गरिनेछ ।

९. नक्कली कागजात पेश गरिएको पाइएमा निज दरभाउपत्रदाताको दरभाउपत्र रद्द गरि कालो सूचिमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

N.R. COLLEGE 2063

१०. म्याद नाघी आएका वा रीत नपुगी आएका दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

११. दरभाउपत्रदाता वा निजको सिफारिसमा आएको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

१२. दरभाउपत्र फारममा आफूले कबुल गरेको रकम अङ्क र अक्षरमा स्पष्टसँग लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएमा हस्ताक्षर गर्नु पर्नेछ ।

१३. आफूले पेश गरेको दरभाउपत्रसाथ उल्लेखित अनुसारको धरौटी रकम यस कलेजको नाममा राष्ट्रिय बाणिज्य बैंक, बालाजुमा रहेको चल्ती खाता नं. ११९०१००००१३०५००१ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तीमा दरभाउ पत्रको मान्य अवधिबाट थप ३० दिन गरी जम्मा ७५(पचहत्तर) दिन म्याद भएको बैंक ग्यारेण्टी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

१४. दरभाउपत्र स्वीकृत भएपछि पुनः भ्याट समेत कूल मूल्यको ५ प्रतिशत अथवा नियमानुसारले हुने रकम थप गरी भौचर पेश गर्नु पर्नेछ । अथवा बैंक ग्यारेटी राख्न सकिनेछ । बैंक ग्यारेण्टी दिँदा सम्वन्धित कार्यालयले भनेको बखत तुरुन्त भुक्तानी दिनु पर्नेछ । ठेक्का पट्टाको अबधिभर मान्य हुने भएमा मात्र बैंक ग्यारेण्टी मान्य हुनेछ ।

१५. दरभाउपत्र बढी वा घटी अंक स्वीकार गर्ने अथवा बिना कारण दरभाउपत्र पूर्ण वा आंशिक रुपमा अस्वीकार गर्ने अधिकार कलेजमा निहित हुनेछ ।

१६. दरभाउपत्रदाताले लेखेको एकाइ दरलाई नै आधार मानिनेछ ।

१७. खरिद अवधिमा पेस्कि उपलब्ध गराइने छैन ।

१८. अन्तिम भुक्तानी गर्दा सेक्यूरिटी डिपोजिट र ठेक्का कर नियमानुसारको रकम कट्टा गरिनेछ ।

१९. यातायात तथा ढुवानी समेतको सम्पूर्ण खर्च आपुर्तिकर्ताले नै बेहोर्नु पर्नेछ ।

२०. ठेक्का पाउने दरभाउपत्रदाताले कलेजको सूचना पाएको मितिले ७ दिनभित्र कलेजमा सम्झौता गर्न आउनु पर्नेछ । उक्त दिनभित्र सम्झौता गर्न नआएमा सम्वन्धित पक्षको धरौटी रकम जफत गरी नियमानुसार कारवाही अगाडी बढाइने छ ।

२१. सम्झौता भएपछि कार्यआदेश दिएको मितिले ७ दिनभित्र आपुर्तिकर्ताले कार्य शुरु गर्नु पर्नेछ ।

२२. रित नपुगेको, समयमा प्राप्त नभएको, एउटा फर्मको नाममा खरीद भएको दरभाउपत्र फाराम अर्को फर्म वा व्यक्तिको नाममा दाखिला भएको तथा सूचनामा उल्लेखित शर्तहरु पूरा नभएको दरभाउपत्र उपर कुनै कारबाही हुनेछैन ।

२३. उपरोक्त शर्त वाहेक यसमा नपरेका शर्तहरुमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलिन ऐन नियम वमोजिम हुनेछ । दरभाउपत्र सम्वन्धी अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।

N.R. COLLEGE 2003

# शिलवन्दी दरभाउपत्रको विवरण

तपसिल: उपकरणको विवरण

| सूचना नं. | ठेक्का नं. | ठेक्काको किसिम | उपकरणको विवरण | सामाग्रीको संख्या | धरौटी रकम रु. |
|---|---|---|---|---|---|
| १/०८० /८१ | EP/UGC/NRC/SQ-01 | दरभाउपत्र | **1. Desktop**<br>Brand model no: Branded mention by suppliers<br>Processor: Intel Core i5-12400<br>Memory: 4 GB, 1 x 4 GB, DDR4, 3200 MHz<br>Storage: 500GB NVME or higher<br>Monitor: 18.5 inch, Input: optical mouse and keyboard, Operating system: windows 11 pro genuine with office 2021<br>Warranty: 1 year manufacturing on parts. | ७ | ३७,०००/- |
| | | | **2. Projector**<br>Brand model no: mention by suppliers<br>Resolution: (1024x768) PC RESOLUTION (MAX): 1920 x 1080 PC RESOLUTION (MIN): 640 x 480<br>Brightness: 3,800 ANSI, Lamp Power: 190 WATT with lamp life LIGHT, SOURCE LIFE, NORMAL, (HOURS): 5000 ,USB: MINI USB: 1, Built-in Speaker: INTERNAL SPEAKERS: 10W (x1), Parts<br>Warranty: 1 year lamp warranty with manufacturing on parts | ४ | |
| | | | **3. Printer**<br>Brand model no: mention by suppliers<br>Print speed: 12ppmA4, Memory: 2mb on board<br>Resolution: 600x600dpi, Interface: USB 2.0 Hi-speed | २ | |
| | | | **4. Photocopy Machine**<br>Brand model no: Branded Genuine Mention by suppliers Machine type: A3 monochrome laser multifunctional Control panel: 3.5inch monochrome touch panel Memory: 1GB RAMStorage: eMMC: 2GBInterface connection: 100base-TX/10base-T, wireless LAN, USB 2.0 1xSupported media size: A3,A4,A4R,A5R,B4,B5,B5RPrint DPI: 600x600, with speed bw single up to 24ppm, double up to 16.7 ppm (A4)Document feeder paper capacity: 50 sheets (80gsm)Scan speed: DADF 1 side 35/25, 2 side 12/8 (300 dpi, send 600 dpi, copy)Power source: 220v-240v,50/60 Hz 10AProduct warranty: 1 year manufacturing | १ | |
| | | | **5. Laptop**<br>Brand model no: Branded Genuine Mention by suppliers<br>Processor: AMD R5-7520U, Memory: Ram8GB<br>Storage: NVME 512 GB, Lcd: 14.0 FHD<br>Operating system: Windows 11 pro genuine, office 2019 genuine, Battery: 3cell 42wh, Warranty: min 2 years warranty from authorized distributer, Other accessories: laptop bag and mouse | १ | |

क्याम्पस प्रमुख
एन आर कलेज

N.R. COLLEGE 2063 एन. आर. कलेज २०६३